# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

## विषयगत पुस्तिका




राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

सबैका लागि मर्यादा, समानता र न्याय

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

विषयगत पुस्तिका

प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

२०६९

| | | |
|---|---|---|
| **लेखन** | : | मायादेवी शर्मा |
| **संयोजन** | : | वेदप्रसाद भट्टराई |
| | : | सूर्य बहादुर देउजा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | : | दुर्गा खड्का |
| | : | सूर्य बहादुर देउजा |
| | : | सम्झना शर्मा |
| | : | जीवन न्यौपाने |
| **शुद्धाशुद्धी** | : | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : | जेठ, २०६९ |
| **संस्करण** | : | प्रथम |
| **प्रति** | : | २००० |
| **प्रकाशन नं.** | : | ९२ - १४२ - २०६९ |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल। |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७० |

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउँन सकिनेछ। यस बाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउँन पाइने छैन।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखि नै विभिन्न ढङ्गबाट कार्य गर्दै आएको छ। मानव अधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्को आत्मसमीक्षा र भावी कार्ययोजनाहरूमा समेत परिमार्जन, परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने प्रयत्न गरिएको छ। यसबाट यस क्षेत्रमा आयोगले गरेका कामकारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षिप्तमा जानकारी गराउने प्रयास गरिएको छ। सम्बन्धित सरोकारवालाहरू सबैको सुझावबाट यसलाई भविष्यमा अझ परिस्कृत गर्दै लैजान मद्दत पुग्नेछ।

यस पुस्तिकामा नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस सम्बन्धमा आयोगले निर्वाह गरेको भूमिका तथा गतिविधिहरू, अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरू, हाल आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका हालसम्मका प्रकाशनहरू एवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्यसमेतलाई उजागर गर्ने प्रयत्न गरिएको छ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानव अधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने मानवअधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन्। आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ।

**राष्ट्रिय मानव अधिकार आयोग**

## विषय-सूची


| | पेज नं. |
|---|---|
| १. परिचय | १ |
| २. नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था | ३ |
| ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता | ६ |
| ४. आयोगको भूमिका | १० |
| ५. आयोगका गतिविधिहरू | १३ |
| ५.१. अनुगमन | १४ |
| ५.२. अनुसन्धान | १४ |
| ५.३. उजुरी ग्रहण | १५ |
| ५.४. सम्वर्द्धनात्मक गतिविधिहरू | १५ |
| ५.५ आयोगको रणनीतिक योजना | १७ |
| ५.६. विधि विषय परामर्श | १८ |
| ५.७. अयोगमा परेका उजुरी र सिफारिसहरू | १९ |
| ५.८. आयोगले प्रदान गर्ने सेवाहरू | २० |
| ५.९. आयोगका प्रकाशनहरू | २१ |
| ६. आयोगको सहकार्य | २२ |
| ७. आयोगको कार्यालयहरू | २५ |

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

## १. परिचय

### १.१. पृष्ठभूमि

नेपालको कुल जनसङ्ख्याको ७ देखि १० प्रतिशत मानिसहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको अनुमान छ। प्राकृतिक रूपमा, दुर्घटना, प्रकोप, हिंसा, द्वन्द्व तथा कुनै महामारी तथा दीर्घकालीन रोगजस्ता विभिन्न कारणले जुनसुकै समयमा जुनसुकै पनि वर्गका व्यक्ति अपाङ्गता भएको व्यक्ति बन्न पुग्ने भए तापनि ती व्यक्तिहरूको मानव अधिकारको उचित संरक्षण र सम्वर्द्धन हुन सकेको छैन। त्यसै गरी नेपालमा अपाङ्गता भएकै कारणबाट राज्यबाट प्राप्त हुने सेवा र सुविधामा विभेद गर्न तथा न्यायको सहज पहुँचबाट समेत वञ्चित गरिएको पाइन्छ। यसरी अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकार उपभोग गर्नबाट वञ्चित गर्नु नै मानव अधिकार उल्लङ्घन हो।

नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) एवम् स्वेच्छिक अनुबन्ध २००६ को २०६६ साल पुस १२ देखि पक्षराष्ट्र भएको हो। उक्त महासन्धिले अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सृजित विभिन्न अवरोधहरूसँगको अन्तर्क्रियाको कारणले समाजमा अन्य व्यक्तिहरूसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई परिभाषा गरेको छ। त्यस्तै गरी अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ ले अपाङ्ग भन्नाले सामान्य दैनिक दिनचर्या गर्न शारिरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिकलाई सम्झनुपर्छ भनेको छ।

राष्ट्रिय मानवअधिकार आयोग २०५७ जेठ १३ गते स्थापना भएपश्चात् अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाका लागि निर्वाह गरेको भूमिकाका बारेमा सर्वसाधारण, नागरिक समाज, मानव

अधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरू लगायतसम्पूर्ण सरोकारवाला एवम् राज्यका विभिन्न निकायहरूलाई जानकारी तथा सूचना सम्प्रेषण गर्ने मुख्य उद्देश्यले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी विषयगत परिचयात्मक पुस्तिका प्रकाशन गरिएको हो । प्रस्तुत पुस्तिकामा आयोगले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका संरक्षण, सम्वर्द्धन र पालनाका लागि गरिएको पहल, नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको स्थिति, अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, आयोग स्थापनादेखि हालसम्म परेका उजुरी र उजुरीहरूउपर आयोगले गरेका कामकारबाही एवम् गतिविधिहरू, नागरिक समाजलगायत सरोकारवाला निकायहरूसँग गरिएको सहकार्य लगायतका विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरिएको छ । प्रस्तुत पुस्तिकाले अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा कार्यरत सम्पूर्ण सङ्घसंस्थाहरू, मानव अधिकारकर्मी र सम्पूर्ण पाठकवर्ग समेतलाई सहयोग पुग्ने विश्वास गरिएको छ ।

### १.२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी इकाइ स्थापना

२०५७ सालमा आयोग स्थापना हुँदा २०५२ सालबाट तत्कालीन नेकपा (माओवादी) ले मुलुकमा सशस्त्र युद्ध गरेको लगभग पाँच वर्ष भएको थियो । सो समयमा आयोगले जनताको नागरिक तथा राजनीतिक अधिकारहरूको संरक्षणका लागि अधिकांश श्रोतसाधन, सशस्त्र द्वन्द्वतर्फ आयोगको ध्यान केन्द्रित भएको थियो र २०५७ सालमा संरक्षण महाशाखाको स्थापना गरेको थियो । उक्त महाशाखाअन्तर्गत राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको कार्यविधिअनुरूप हुने गरी संरक्षण महाशाखाअन्तर्गत जातीय विभेदसम्बन्धी अधिकार, महिलाअधिकार, यातनाविरुद्धको अधिकार, बाँच्न पाउने अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र बेपत्ताविरुद्धको अधिकार संरक्षणार्थ नागरिक तथा राजनीतिक अधिकार इकाइको स्थापना भएको थियो । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सम्बन्धमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत इकाइबाट नै यस्ता व्यक्तिहरूका अधिकारको विषयमा उजुरीउपर कारबाही गर्ने गरिएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ अनुसार आयोगले संवैधानिक हैसियत प्राप्त गरेपश्चात् तेस्रो रणनीतिक कार्ययोजना (२०६४।६५–२०६७।६८) तर्जुमा गर्दै आयोगको साङ्गठानिक पुनर्संरचना गर्ने क्रममा मानवअधिकारसम्बन्धी नौ ओटा मूल महासन्धिहरूलाई केन्द्रित गर्दै पहिलेका इकाइहरूलाई पुनर्गठन गर्ने र नयाँ इकाइहरू स्थापना गर्ने उद्देश्यले २०६७ सालमा मानव अधिकारसम्बन्धी

प्रमुख नौ महासन्धिहरूलाई आधार मानी आयोगको संरक्षण र सम्वर्द्धन महाशाखामा छुट्टाछुट्टै इकाइहरू स्थापना गरी कार्य भइरहेको अवस्था छ । सामूहिक अधिकार महाशाखाद्वारा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसँग सम्बन्धित इकाइ तथा अन्य महाशाखाहरूसँग मिलेर अपाङ्गता भएका व्यक्तिका अधिकारको संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्य र यस्ता अधिकारको वकालत/पैरवी कार्यमा सहयोग पुऱ्याउँदै आएको छ ।

यस इकाइ स्थापनाको प्रमुख उद्देश्य अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) एवम् स्वेच्छिक अनुबन्ध २००६ ले प्रत्याभूत गरेका मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र सुनिश्चित गर्नु रहेको छ । यस इकाइले आयोगका रणनीतिक योजनाहरूले निर्धारण गरेका अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सम्बन्धमा रहेका योजना बमोजिमको कार्य गर्नुका साथै आयोगमा प्राप्त उजुरीहरूको सम्बन्धमा आयोगको कार्यादेश बमोजिमको कारबाही प्रक्रिया अगाडि बढाउदै आएको छ ।

## २. नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्था

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिका विभिन्न धाराहरूले अन्य कुराहरूका अतिरिक्त शिक्षा, स्वास्थ्य, रोजगार, पर्याप्त जीवनस्तर, आवतजावत गर्न पाउने स्वतन्त्रतालगायत कानुनका अगाडि समान अधिकारलाई समेटेको छ । त्यस्तै गरी नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हक खण्डमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितताको लागि व्यवस्था गरिएको छ । कानुनका अगाडि सबै समान लगायत कुनै विभेदविरुद्धको अधिकारलाई प्रत्याभूत गरिएको छ । नेपाली समाजमा जनचेतनाको कमी भएको कारणले अपाङ्गतालाई विभिन्न अवैज्ञानिक तर्क, सामाजिक अन्धविश्वास र आक्षेपहरू लगाइनुको साथै अपाङ्गता भएको व्यक्तिलाई पूर्णमानव होइन भनी अमानवीय व्यवहार गर्ने गरिएको पाइन्छ । समाजमा अपाङ्गता भएका व्यक्तिहरूको कारणबाट घरपरिवारको सामाजिक प्रतिष्ठा क्षय हुन्छ भन्ने नकरात्मक सोच विद्यमान रहने गरेको र परिवारकै सदस्यले अपाङ्गता भएका व्यक्तिहरूलाई घरभित्रै लुकाएर, बाँधेर वा अन्य कष्ट दिएर राखेका उदाहरणहरू प्रशस्तै पाइन्छन् ।

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन, महासन्धि लगायत राष्ट्रिय कानुनहरूमा सबै व्यक्तिहरू कानुनको अगाडि समान हुनेछन् भनिए तापनि

व्यवहारमा हेर्दा विभिन्न कारणले गर्दा शारिरिक रूपमा अपाङ्गता, दृश्य अपाङ्गता, श्रवण अपाङ्गता, बौद्धिक तथा मानसिक अपाङ्गता लगायत विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले अरू व्यक्तिले जस्तै मानव अधिकारको उपभोग गर्नमा विभेद भने कायमै रहेको पाइन्छ। महिलामाथि हुने हिंसा, बालबालिकामाथि हुने हिंसा लगायतले पनि मानसिक रूपमा अपाङ्गता हुने क्रम बढी रहेको अवस्था छ। घरेलु हिंसा लगायत महिलामाथि हुने विभिन्न प्रकारका हिंसाको कारणले गर्दा महलिाहरू छोटो समयमा नै मानसिक रूपमा अस्वस्थ हुने र दीर्घकालीन रूपमा मानसिक अपाङ्ग बन्न पुगेको समेत देखिन्छ। राज्यबाट केही सकारात्मक प्रयासहरू भए तापनि अझै अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गमैत्री भौतिक संरचना, सञ्चारजगत, रोजगार, शिक्षा तथा न्यायमा सहज पहुँच पुग्न सकेको अवस्था छैन।

नेपालका कानुनहरूले अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा राम्रोसँग सम्बोधन गर्न नसक्नु, विद्यमान कानुन तथा नीतिहरूको पूर्ण कार्यान्वयन नहुनु साथै सार्वजनिक भौतिक संरचनाहरू, सवारी साधनहरू शैक्षिक क्षेत्रमा समेत अपाङ्गमैत्री पूर्वाधारको विकास भएको पाइँदैन। अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारमा उचित ब्यवस्था नहुनु, शिक्षा, चेतनाको कमी, जस्ता कारणहरूले गर्दा पनि समाजमा विभेद कायमै रहेको छ। देशमा बन्न लागेको नयाँ संविधानमा आफ्ना अधिकारहरू सुनिश्चित गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित सङ्घसस्था लगायत व्यक्तिहरू स्वयम्ले समय-समयमा वकालत, सरकारको ध्यानाकर्षण लगायतका कार्यहरू निरन्तर रूपमा गर्दै आएका छन्। यसका साथै राज्यका हरेका तहमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्नका लागि समय समयमा दबाब दिने कार्यसमेत हुँदै आएका छन्।

### २.१ अनुगमनका क्रममा अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा प्राप्त जानकारीहरू

आयोगले समय-समयमा अनुगमन गर्ने क्रममा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था सम्बन्धमा प्राप्त गरेको तथ्यहरूलाई निम्नबमोजिम सङ्क्षिप्त चर्चा गरिएको छः

- सरकारी कार्यालयभवनहरू अपाङ्गमैत्री नभएको कारण अपाङ्गता भएका व्यक्तिहरूले कार्यालय प्रमुखसँग भेटघाट तथा छलफल गर्न कठिनाइ हुनुका साथै राज्यको सेवा र सुविधा प्राप्त गर्ने कार्यमा सहज पहुँच नभएको अवस्था छ।

- जिल्ला तथा गाविसमा विकासका कार्यक्रमहरू सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्तिहरूको समितिहरूमा उचित प्रतिनिधित्व हुन सकेको पाइँदैन ।
- सार्वजनिक यातायातका साधनमा नियमानुसार अपाङ्गता भएका व्यक्तिहरूलाई आरक्षण सिटमा बस्नबाट वञ्चित गरिने, भाडामा सहुलियत नदिने र यातायात प्रयोग गर्ने समयमा नरोकिदिने जस्ता कार्यहरूले अपाङ्गता भएका व्यक्तिहरूले सहज तरिकाले आवतजावत गर्नमा बाधा पुगेको देखिन्छ ।
- अपाङ्गता भएका विद्यार्थीहरूले पाउने छात्रवृत्ति न्यून रहेको र बढ्दो महङ्गीअनुरूप समायोजन कार्य हुन सकेको देखिँदैन ।
- विशेष शिक्षाअर्न्तगत अपाङ्गता भएका विद्यार्थीका बाबुआमाले बिद्यार्थीलाई विद्यालयमा भर्ना गरेपछि बेवास्ता गर्ने प्रचलन रहेको देखिन्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको निमित्त विशेष शिक्षाअन्तर्गत विशेष कक्षा सञ्चालनको लागि नियुक्त भएका शिक्षकहरूलाई प्रयाप्त तालिमहरू नहुनुका साथै अपाङ्गता भएका विद्यार्थीहरूमा छात्राको सङ्ख्या बढी भए पनि विद्यालयमा महिला शिक्षिका नरहेको अवस्था छ ।
- अपाङ्गमैत्री विद्यालयभवन नभएको कारण अपाङ्गता भएका विद्यार्थीहरूले अध्ययनलाई निरन्तरता दिन नसक्नुका साथै प्राथमिक शिक्षा पश्चात्को शिक्षा जिल्लामा प्राप्त गर्न नसक्ने कारण अध्ययनलाई निरन्तरता दिन नसकेको स्थिति छ ।
- विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, क्षेत्र, भाषा, धर्म र सम्प्रदायका आधारमा हुने विभेद, शोषण, हिंसा र दुर्व्यवहारमा कमी आउन सकेको छैन ।
- बालबालिकालाई बाल्यअवस्थामा गरिने सामाजिकरण प्रक्रियामा परिवर्तन हुन सकेको पाइँदैन ।
- परिवार समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूको विषयलाई अधिकारमुखी अवधारण सोचबाट नहेरी पुरानो मूल्य मान्यताबाट प्रेरित भएर प्राथमिकतामा नपरेको अवस्था छ ।
- राज्यका संरचनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता हुन सकेको देखिँदैन ।

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा कार्य गर्ने सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूमा कार्यगत एकता र समन्वयको अभाव देखिन्छ ।
- विभेदकारी कानुनहरू खारेज नहुनुको साथै भएका कानुनहरू पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन् ।
- अपाङ्गता भएका व्यक्तिहरूको हकहित संरक्षणार्थ राज्यबाट गरिएका सामाजिक संरक्षणका व्यवस्था पर्याप्त नहुनको साथै सोको प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको अवस्था छ ।

अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकार संरक्षणका लागि सबै तहमा उनीहरूको पहिचान, पहुँच र सामर्थ्य वृद्धिका लागि यथोचित पहलहरू थाल्न आवश्यक छ । त्यस्तै अपाङ्गमैत्री भौतिक संरचना तथा सार्वजनिक भवन निर्माण, विभेदकारी कानुनको खारेज अपाङ्गतासम्बन्धी सचेतना अभिवृद्धिजस्ता कार्यक्रमलाई सबैले आआफ्नो तहबाट गर्न सके नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सुनिश्चित गर्न सकिन्छ । समाज विकासको हरेक क्षेत्रमा अपाङ्ग व्यक्तिहरूको हकहित संरक्षण र सम्वर्द्धनमा समावेशी र सामर्थ्यताको सम्मान हुनु आवश्यक छ ।

# ३. राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धता

## ३.१. राष्ट्रिय कानुनहरू

नेपालको अन्तरिम संविधान, २०६३ ले समानता र अविभेदको सिद्धान्तलाई आत्मसात गरी मौलिक हकअन्तर्गत कुनै पनि आधारमा भेदभाव नगरिने भनी उल्लेख गर्नुका साथै यस्ता अधिकारहरू सबै नेपाली नागरिक नागरिकलाई हुने र सो को उल्लङ्घन हुन गएको अवस्थामा संवैधानिक उपचारको हकलाई समेत प्रत्याभूत गरिएको छ । यसका साथै अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा कल्याणसँग सम्बन्धित अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१, अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ , स्थानीय स्वायत्त शासन ऐन, २०५५, नगरपालिका अनुदान सञ्चालन कार्यविधि, २०६७ तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५, अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५, अपाङ्गता भएका व्यक्तिहरूलाई आन्तरिक हवाइयात्रामा दिइने छुट वा

सहुलियतसम्बन्धी कार्यविधि, २०६३, नेपाल राष्ट्रिय भवन निर्माण आचारसंहिता, २०६० निर्माण भएको पाइन्छ । यसका अतिरिक्त शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, विशेष शिक्षा नीति, २०५३, छात्रबृत्ती सम्बन्धी नियमावली,२०६० (चौथो संशोधन २०६७), निजामति सेवा ऐन, २०४९ (दोस्रो संशोधन, २०६४), निजामति सेवा नियमावली, २०५० (सातौं संशोधन, २०६४), नेपाल टेलिकम नियमावली, रेडियो नेपालको सेवा नियमावली, आयकर ऐन, २०५८, बालबालिका सम्बन्धी ऐन, २०४८, आदि ऐन, नियम तथा नियमावलीहरूले अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा केही सकारात्मक प्रावधानहरू राखेको पाइन्छ ।

### ३.१.१.राष्ट्रिय नीति तथा कार्यक्रमहरू

- अपाङ्गता भएका व्यक्तिहरूको लागि नेपाल सरकारबाट मासिक रूपमा अपाङ्गताको वर्गीकरणअनुसार जिल्लामा महिला तथा बालबालिका कार्यालयबाट पूर्णरूपमा अशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक १००० रुपियाँ र आंशिक रूपमा अशक्त र अपाङ्गता भएका व्यक्तिलाई मासिक ३ सय रुपियाँ भत्ता प्रदान गर्ने गरिएको छ ।
- सरकारी विद्यालयहरूमा सुस्त श्रवण, दृष्टिविहिन र सुस्त मनस्थिति भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र छात्रवृत्ति लगायत निःशुल्क शिक्षाको व्यवस्था रहेको छ ।
- निजामति सेवा ऐनअनुसार सरकारी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत सिट आरक्षण व्यस्था रहेको छ ।
- सीपमूलक तालिमको व्यवस्था, रेडियो टेलिभिजनहरूमा अपाङ्गतासम्बन्धी कार्यक्रम लगायत उनीहरूका लागि आवश्यक सामाग्री आयातमा भन्सार छुट आदि व्यवस्था गरेको छ ।
- शैक्षिक सत्र २०६६/२०६७ का लागि शिक्षा विभागले श्रेणी विभाजन गरी कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई छात्रवृत्तिको रकम तोकेको छ ।
- नेपाल टेलिकममा र शिक्षक सेवामा अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारीमा ५ प्रतिशत आरक्षणको व्यवस्था भएको छ ।
- सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा अपाङ्गता भएका व्यक्तिहरूको लागि ५ प्रतिशत आरक्षणको व्यवस्था भएको छ ।

- रेडियो नेपालको स्थायी सेवामा ५ प्रतिशत आरक्षण व्यवस्था रहेको छ ।
- दृष्टिविहिनहरूको लागि उद्योग मन्त्रालयले स्वरोजगारको कार्यक्रमहरू लागू गरेको छ ।
- निजामति सेवामा रहेका कर्मचारी कुनै कारणले शारिरीक वा मानसिक रूपमा काम गर्न असमर्थ भएमा निजामति सेवा ऐनमा सात वर्ष थप सेवा अवधीसहित अवकाशको विशेष व्यवस्था गरेको छ ।
- निजामती कर्मचारीलाई सरकारी कामको शिलसिलामा कारणवस दुर्घटना परी अङ्गभङ्ग भई वा मानसिक वा शारिरिक रूपमा अपाङ्गता भएमा अशक्त वृत्तिको व्यवस्था निजामति सेवा निममावलीमा गरेको छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको लागि निशुल्क व्यवसायिक तालिमहरूको व्यवस्था गरेको छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई आधारभूत रेडियो उद्घोषण तथा पत्रकारितासम्बन्धी तालिम दिने प्रावधान रहेको छ ।
- नेपाल प्रहरी सेवामा कार्यरत रहँदा रहँदै अवस्थामा अपाङ्गताको शिकार हुने व्यक्तिहरूलाई अशक्त-वृत्ति, सन्तति- वृत्ति, शैक्षिक भत्ता र आर्थिक सहायतासम्बन्धी व्यवस्था गरिएको छ ।

### ३.१.२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा अदालतबाट भएका महत्वूर्ण फैसलाहरू

- २०६० साल कार्तिक २८ गते कामनपा ३२ बस्ने सुदर्शन सुवेदी र ललितपुर जिल्ला हरिसिद्धि गाविस ५ बस्ने बाबुकृष्ण महर्जनले अपाङ्गता भएका व्यक्तिहरूका लागि ऐनमा भएको निःशुल्क शिक्षासम्बन्धी व्यवस्था कार्यान्वयन गराउन सर्वोच्च अदालतमा दिएको रिटको पक्षमा सम्मानित सर्वोच्च अदालतले गरेको फैसलामा नेपाल अधिराज्यभरिका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरूमा निःशुल्क भर्ना गरी गराई निजहरूबाट भर्ना भएपछि कुनै किसिमको सेवा शुल्क नलिनु, लिन नलगाउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारि गरेको छ । अदालतको फैसलाको सम्मान गर्दै त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय सामान्य प्रशासन महाशाखले मिति २०५९ चैत्र ४

मा आफ्नो मातहतका क्याम्पसहरूलाई सोहीअनुसार गर्ने/गराउने निर्देशानसहित परिपत्र जारी गरेको छ।[1]

- २०६१ साल माघ ५ गतेको रिट नं ३६६६, ललितपुर जिल्ला हरिसिद्धि गाविस ५ बस्ने बाबुकृष्ण महर्जनले अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्ग संरक्षण कल्याण ऐन, २०३९ ले व्यवस्था गरेबमोजिमका व्यवस्था कार्यान्वयन गराउन सर्वोच्च अदालतमा दिएको रिटको पक्षमा सम्मानित सर्वोच्च अदालतले गरेको फैसला अनुसार अपाङ्ग संरक्षण कल्याण ऐन २०३९ ले व्यवस्था गरेबमोजिम अपाङ्गहरूलाई दिनुपर्ने सेवा, सुविधा क्रमिक रूपले प्रदान गर्न उक्त ऐनको उद्देश्य अनुसारको सेवा, सुविधा प्रदान गर्न सुरु गर्न भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरेको छ।

## ३.२. अन्तर्राष्ट्रिय कानुन

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) एवम् स्वेच्छिक अनुबन्ध २००६ ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितता गर्नुका साथै यस्ता अधिकारसम्बन्धी सामान्य सिद्धान्तहरूसमेत प्रतिपादन गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD)एवम् स्वेच्छिक अनुबन्ध २००६ को सामान्य सिद्धान्तअन्तर्गत नैसर्गिक मर्यादा, आफ्नो बारेमा आफैं निर्णय गर्न पाउने स्वतन्त्रतासमेतको वैयक्तिक स्वायत्तत्ता र व्यक्तिको स्वतन्त्रताको सम्मानलाई स्पष्टरूपले उल्लेख गर्नुका साथै समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरणलाई सुनिश्चित गरेको छ। यसैगरी उक्त दस्तावेजहरूले मानवीय विविधता र मानवीयताको अङ्गका रूपमा अपाङ्गता भएका व्यक्तिहरूको भिन्नताको सम्मान र स्वीकार्यता, अवसरहरूमा समानता र पहुँचलाई जोड दिएको छ। यसैगरी अपाङ्गता भएका बालबालिकाको विकास भइरहेको क्षमता तथा आफ्नो पहिचानको संरक्षण गर्न पाउने त्यस्ता बालबालिकाको अधिकारको सम्मानको सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरेको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) एवम् स्वेच्छिक अनुबन्ध २००६ अन्तर्गत व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार, समान कानुनी अधिकारका साथै शोषण, हिंसा र दूराचारबाट

---

स्रोत अपाङ्गता स्रोत पुस्तिका,२०६८, नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

स्वतन्त्रताजस्ता अधिकारहरू सुनिश्चित गरेको छ । यसैगरी उक्त महासन्धिले शारीरिक तथा मानसिक अखण्डताको सम्मानको अधिकार, हिँडडुल र राष्ट्रियतको स्वतन्त्रता, समुदायमा बसोबास गर्न पाउने अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको सम्मान तथा परिवारको सम्मान, शिक्षा, स्वास्थ्य एवम् रोजगारीको अधिकारलाई सुनिश्चित गरिएको छ । यसका अतिरिक्त उक्त महासन्धिले राजनितिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार तथा सांस्कृतिक जीवनमा सहभागिताको अधिकार समेत सुनिश्चित गरेको छ ।

### ३.३. अन्य अन्तर्राष्ट्रिय कानुनहरू

मानव अधिकारसम्बन्धी निम्नलिखित अन्तर्राष्ट्रिय दस्तावेजहरूले शारिरीक अवस्थाको आधारमा भेदभाव गर्न नहुने अधिकारको सुनिश्चित गरेको छः

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८,
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६,
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धि, १९६६,
- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४,
- महिलामाथि सबै प्रकारका हिंसा उन्मूलन गर्ने महासन्धि १९७९,
- बालअधिकारसम्बन्धी महासन्धि १९८९,
- मृत्युदण्डको उन्मूलनसँग सम्बन्धित नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो ऐच्छिक अभिसन्धि, १९८९ र
- जेनेभा महासन्धि, १९४९ (युद्ध वा सशस्त्र द्वन्द्वकालमा मात्रै लागू हुने) ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानव अधिकारको सम्मान,

संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानवअधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख भएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई महासन्धिमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिमा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो। यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलव्ध गराउँदै आएको छ। संविधान तथा ऐन प्रदत्त काम तथा कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा देहायका बुँदाहरूमा सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ :

१. आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने,

२. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनुअघि रायको लागि आयोगसमक्ष लेखी पठाउने,

३. आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकताअनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने,

४. मानव अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

५. मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने,

६. आयोगमा प्राप्त उजुरी वा जानकारी वा आयोगले आफ्नै स्वविवेकमा छानबिन तथा अनुसन्धान गरेको विषय तथ्यहीन लागेमा वा सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा आयोगले सोको कारण खुलाई

त्यस्तो उजुरी, जानकारी वा विषय जुनसुकै समयमा खारेज गर्न वा तामेलीमा राख्न सक्ने,

७. अन्तर्राष्ट्रिय कानुनबमोजिम मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराई पाउन संयुक्त निवेदन दिएमा आयोगले तोकिएबमोजिम मेलमिलाप गराइदिन सक्ने

यसप्रकार आयोगको संविधान तथा ऐन प्रदत्त कामकर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई मानवअधिकार संरक्षणात्मक कार्य, मानवअधिकार सम्वर्द्धनात्मक कार्य एवम् मानव अधिकारको वकालत गरी तीनवटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको पाइन्छ ।

आयोगलाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारमार्फत अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिमा उल्लेख भएका प्रावधानहरूको कार्यान्वयन गर्ने सन्दर्भमा राष्ट्रिय संविधान र कानुनमा उल्लेख भएका प्रावधानहरूको पालना भएनभएको अनुगमन गर्ने, सम्बन्धित विषयका उजुरीहरू ग्रहण गर्ने, अनुसन्धान गर्ने र नेपाल सरकारसमक्ष आवश्यक सिफारिस गर्ने, सिफारिस तथा आयोगको निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी अभिलेख राख्ने जस्ता संरक्षणात्मक कार्यहरू गर्दछ । यसैगरी मानव अधिकारको उल्लङ्घन र दुरुत्साहन रोक्ने सम्बन्धमा छानविन एवम् अनुसन्धान गर्ने, नेपाल सरकार मातहतका विभिन्न निकाय, कारागार, थुनुवाकेन्द्रहरू वा कुनै सरकारी तथा निजी संस्थाको अवलोकन भ्रमण, निरीक्षण गरी त्यस्ता निकाय वा संस्थाहरूको कामकारबाही, भौतिक सुविधा, जनजिवीका र मानव अधिकार सम्बन्धि विषयवस्तुहरूमा आवश्यक सुझाव दिने, मानव अधिकारसम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि सिफारिस गर्ने समेतका संरक्षणात्मक कार्यहरू पनि आयोगले गर्दछ ।

मानव अधिकार सचेतना अभिवृद्धि गर्न नागरिक समाज, मानव अधिकार सङ्घसंस्था र सम्बन्धित निकायसँग सहकार्य गर्ने समेतका सम्वर्द्धनात्मक कार्य गर्ने अधिकार तथा दायित्व आयोगलाई रहेको छ । सम्वर्द्धनात्मक कार्यअन्तर्गत आयोगले तालिम, सेमिनार, गोष्ठी, सेमिनार, सम्मेलन गर्ने,

विद्युतीय लगायत विभिन्न सञ्चार माध्यमको प्रयोग गरी सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, पुस्तक एवम् आयोगका गतिविधि र मानव अधिकारका क्षेत्रमा उपयोगी हुने विविध विषय समावेश गरी जानकारी र सूचनामूलक प्रकाशनहरू प्रकाशित गर्ने, मानवअधिकार शिक्षाको प्रचारप्रसार गर्ने समेतका कार्यहरू पर्दछन् ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई महासन्धिामा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, महासन्धिमा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो । यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नोसुझाव, परामर्श उपलव्ध गराउँदै आएको छ ।

## ५. आयोगका गतिविधिहरू

मानव अधिकार आयोग ऐन, २०५३, अन्तर्गत स्थापित आयोगले नेपालको अन्तरीम संविधान, २०६३ द्वारा संवैधानिक मान्यता प्राप्त गरेको छ । हाल राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम आयोगले मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । मानवअधिकार संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्तअनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू (National Human Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Commitee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ । राष्ट्रिय मानवअधिकार आयोगले रणनितिक योजना २०११–२०१३ अर्न्तगत अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धन लगायत मानव अधिकार उल्लङ्घनका उजुरीलाई प्राथमिकता दिई सरकार, प्रशासनिक निकाय, राजनितिक दल, दलित आयोग, सरोकारवाला संस्थाहरूसँग अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धामा संरक्षणात्मक र संबर्द्धनात्मक कार्यहरू गर्दै आएको छ । आयोगले गरेका मुख्य गतिविधिहरूलाई निम्न बुँदाहरू मार्फत सङ्क्षिप्त चर्चा गरिएको छः

## ५.१. अनुगमन

आयोगले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सम्बन्धमा हुन सक्ने मानवअधिकार उल्लङ्घनका विषयहरू अपाङ्गता भएकै कारणबाट विभेद गरिएका विषयमा, अपाङ्गता भएको कारणबाट पारिश्रमिकमा विभेद, कुनै पनि अवसरहरूमा विभेद गरिएमा, न्यायमा पहुँच नभएको, अपाङ्गमैत्री भौतिक संरचनाहरू नभएको कारणबाट न्यायमा पहुँच नभएको, बालबालिकाहरूलाई शिक्षामा पहुँच नभएको, अपाङ्गता भएका महिलाहरूमाथि हुने विभेद, द्वन्द्व पीडित अपाङ्गता भएका व्यक्तिहरूले उपचार तथा क्षतिपूर्तिमा विभेद लगायतका विषयहरूमा आयोगले अनुगमन गर्ने गर्दछ। आयोगले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन गर्नुका साथै विगतको समयमा अपाङ्गता भएका व्यक्तिहरूले आयोजना गरेको शान्तिपूर्ण धर्ना, जुलुसहरूको समेत अनुगमन गर्दै आएको छ।




## ५.२. अनुसन्धान

नेपालको अन्तरिम संविधान, २०६३ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार आयोगले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार उल्लङ्घन भएको भनी आयोगमा दर्ता हुन आएका उजुरीहरूको सम्बन्धमा यस इकाइले अनुसन्धान गरी आयोगसमक्ष प्रतिवेदन पेश गर्ने गर्दछ। अनुसन्धाबाट आयोगले सम्बन्धित मानवअधिकार उल्लङ्घन भएको व्यक्तिलाई क्षतिपूर्ति साथै मानव

अधिकार उल्लङ्घन कर्तालाई कानुनबमोजिम कारबाही गर्न सिफारिससमेत गर्ने गर्दछ। अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार उल्लङ्घनका उजुरीहरूको सम्बन्धमा अनुगमन अनुसन्धान गर्दै आएको छ। धादिङ र दोलखा जिल्लामा द्वन्द्वको कारण अपाङ्ग हुन पुगेका व्यक्तिहरको उजुरीका सम्बन्धमा आयोगले अनुसन्धान सम्पन्न गरेको थियो ।

## ५.३. उजुरी ग्रहण

आयोगले निम्न माध्महरूबाट उजुरी ग्रहण गर्दछः

- लिखित वा मौखिक निवेदन,
- टेलिफोन वा फ्याक्स,
- हुलाक, डाक, टेलीग्राम, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य सञ्चारमाध्यम र
- पत्रपत्रिका, आमसञ्चार वा कुनै माध्यमबाट प्राप्त गरेको सूचना तथा जानकारीको आधारमा स्वयम् उजुरी ग्रहण गर्ने (Suo-Moto)।

यस्ता उजुरीहरूमा सामान्यतया उजुरी गर्ने र पीडित व्यक्तिहरूको विवरणहरू, आरोपित उल्लङ्घनकर्ताको सम्बन्धमा सम्भव भएसम्म उल्लेख भएको हुनुपर्दछ। यसैगरी उजुरीको विषय, उल्लङ्घन भएको मानवअधिकार, घटनाको विवरण, मागदाबी पुष्टि हुने प्रमाणहरू, माग गरेको उपचार, अन्य सङ्घसंस्थामा उजुर गरेको भए सो समेत खुलाउनुपर्दछ। यसरी प्राप्त भएको उजुरीहरूको आयोगबाट अनुसन्धान भै निर्णय गरी निर्णय कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## ५.४. सम्वर्द्धनात्मक गतिविधिहरू

आयोगले निर्वाह गर्नुपर्ने दायित्वमध्ये सम्वर्द्धनात्मक कार्य महत्त्वपूर्ण कार्य हो। आयोगले यस्ता कार्य तथा, गतिविधिहरूलाई सम्बन्धित सबै पक्षहरूका लागि मानव अधिकारसम्बन्धी सचेतनामूलक कार्यक्रमको सञ्चालन गरी मानव अधिकारको प्रचारप्रसार गर्दछ। आयोगले निम्न कार्यहरूमार्फत अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी विषयमा सम्वर्द्धनात्मक गतिविधि सञ्चालन गर्दै आइरहेको छः

- अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारसम्बन्धी तालीम, गोष्ठी, सम्मेलन, सेमिनार सञ्चालन,

- आमसञ्चारका माध्यमहरूको प्रयोग गरी आयोगको पहुँच तथा बिस्तार हुने गरी सचेतना कार्यक्रम सञ्चालन,
- अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारसम्बन्धी विभिन्न प्रतिवेदन, पुस्तक, जानकारीमूलक पुस्तिका, पत्रिका प्रकाशन गर्ने एवम् आयोगको वेभसाइटमार्फत विभिन्न जानकारी उपलवधता,
- मानव अधिकारसम्बन्धी सन्देशहरूको होडिङ बोर्ड, पर्चामार्फत प्रचारप्रसार,
- विभिन्न गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी मानवअधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्यमा प्रोत्साहन,
- मानवअधिकार शिक्षालाई विद्यालयसम्म पुऱ्याउन पहल,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विषयमा अध्ययन अनुसन्धा गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई समेत आयोगको कर्मचारी भर्ना, प्रकृयामा समावेश,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ अनुमोदन गर्न सरकारलाई दबाब सिर्जना गर्ने उद्देश्यले अपाङ्गता अधिकारकार क्षेत्रमा कार्यगर्ने सङ्घसंस्थाहरूसँग समन्वय गरी विभिन्न कार्याशालाहरू सञ्चालन,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवम् स्वेच्छिक अनुबन्ध २००६ को नेपालीमा अनुवाद, प्रकाशन र वितरण अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा विद्यमान ऐन, कानुन, नियमावली सम्बन्धमा शारीरिक अपाङ्गता भएका व्यक्ति सम्बन्धी सङ्घको सहयोगमा अनुसन्धान गरी प्रतिवेदन प्रकाशन र वितरण,
- अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारसंरक्षण र सम्वर्द्धन सम्बन्धमा विभिन्न सङ्घसंस्थाहरूबाट आयोजित अन्तर्क्रिया, कार्यशाला, तालिम, अभिमुखीकरण लगायतका कार्यक्रमहरूमा सहभागीता, सहयोग एवम् समन्वय,
- आयोगबाट सञ्चालित रेडियो कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी कार्यक्रमहरू प्रसारण,
- मानव अधिकार प्रश्नोत्तर सङ्गालोमा अपाङ्गता अधिकारसम्बन्धी विषयवस्तुलाई समावेश गरी पुन प्रकाशन गरी वितरण,

- आयोगबाट आयोजित मानव अधिकार प्रदर्शनीमा अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारलाई सम्वर्द्धन गर्नका लागि सम्बन्धित सङ्घसंस्थाहरूलाई सहभागीता गराई प्रोत्साहित,
- आयोगबाट विभिन्न सङ्घसंस्था, सरोकारवालाहरू लगायत शिक्षक शिक्षिकालाई मानव अधिकार अभिमुखीकरण तथा मानव अधिकार शिक्षा सम्बन्धमा विभिन्न समयमा विभिन्न जिल्लामा कार्यक्रमहरू सञ्चालन,
- आयोगको आयोजनामा र गैरसरकारी संस्था कोशिसको सहकार्यामा मानसिक अपाङ्गता रहेका व्यक्तिहरूको अधिकार पहिचान र सुनिश्चितता विषयक कार्यक्रम सञ्चालन र
- हरेका वर्ष आयोगले अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (December 3) को उपलक्ष्यमा विभिन्न कार्यक्रमहरूको आयाजना आदि ।

## ५.५. आयोगको रणनीतिक योजना

आयोगको मूलभूत मान्यताहरूमध्ये समानताअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई आयोगमा कर्मचारी भर्नासम्बन्धी प्रक्रियाहरू निर्माण गर्दा विशेष ग्राहयता प्रदान गर्ने नीतिहरू अवलम्बन गर्ने, आयोगको पदाधिकारी र कर्मचारीहरूलाई लैङ्गिक, समानता र अपाङ्गताका सवालहरूमा क्षमता अभिवृद्धि गर्ने उल्लेख छ । सरकारी कार्यालयहरू, अस्पतालहरू, फुटपाथलगायत निजी होटल र घरहरूसमेत अपाङ्गता मैत्रीरूपमा निर्माण गर्न साथै पहुँचयोग्य बनाउन पहल गर्ने भनिएको छ । अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, जेष्ठ नागरिक लगायतका उपेक्षित तथा वञ्चितिमा पारिएका समुदायका लैङ्गिक तथा जातीय समानता, सशक्तीकरण र सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यमा विशेष जोड दिंदै सामुहिक हक अधिकारको वकालत तथा अनुगमन गर्ने, अपाङ्गतामैत्री शिक्षा, सूचना एवम् सञ्चारसम्बन्धी सामग्री विकास तथा वितरण गरी समाजमा मानव अधिकार शिक्षा तथा चेतना अभिवृद्धि गर्ने विषय समावेश गरिएको छ ।

आयोगले तर्जुमा गरेको रणनीतिक योजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्ने विषयसमेत समावेश गरिएको छ । आयोगको सन् २००४–२००८ को योजनामा आयोगको मूलभूत मान्यताहरूमध्ये समानताअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई आयोगमा कर्मचारी भर्ना

सम्बन्धी प्रक्रियाहरू निर्माण गर्दा विशेष ग्राह्यता प्रदान गर्ने नीतिहरू अवलम्बन गर्ने तथा आयोगको पदाधिकारी र कर्मचारीहरूलाई लैङ्गिक, समानता र अपाङ्गताका सवालहरूमा क्षमता अभिवृद्धि गर्ने विषय समावेश गरिएको थियो । त्यसैगरी सरकारी कार्यालयहरू, अस्पतालहरू, फुटपाथ, लगायत नीजि होटल र घरहरू समेत अपाङ्ग मैत्रीरूपमा निर्माण गर्न साथै पहुँचयोग्य बनाउन पहल गर्ने भन्ने समेत उल्लेख गरिएको थियो । त्यसैगरी आयोगबाट तर्जुमा भएको रणनीतिक योजना सन २००८–२०१० मा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, जेष्ठ नागरिक लगायतका उपेक्षित तथा वञ्चितिमा पारिएका वर्गहरूको लैङ्गिक तथा जातीय समानता, सशक्तिकरण र सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यमा विशेष जोड दिँदै सामुहिक हक अधिकारको वकालत तथा अनुगमन गर्ने कार्यमा जोड दिनुका साथै अपाङ्गतामैत्री शिक्षा, सूचना एवम् सञ्चारसम्बन्धी सामग्री विकास तथा वितरण गरी समाजमा मानवअधिकार शिक्षा तथा चेतना अभिवृद्धि गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको थियो ।

## ५.६. विधि विषय परामर्श

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको अध्ययन गरी नेपाल सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव दिँदै आएको छ । यसै गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि सम्बन्धमा नेपाल सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव दिँदै आएको छ। यसै गरी मानव अधिकार सम्बन्धी महासन्धिहरूमा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने आवधिक प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक रायसुझाव दिँदै आएको छ। प्रचलित कानुनी व्यवस्थाको अध्ययन गरी पुनरावलोकनको लागि नेपाल सरकारलाई सिफारिस गर्ने समेतका कार्यहरू गर्दछ । यसैगरी मानव अधिकारसँग सम्बन्धित नेपाललाई उपयोगी हुने मानव अधिकारका अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूलाई अनुमोदन गर्न अध्ययन गरी अनुमोदन गर्नुपर्ने देखिएमा कारणसहितको सिफारिस नेपाल सरकारलाई दिँदै आएको छ। आयोगले अन्य राष्ट्रिय आयोगहरू, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग सँगको सहकार्यमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा प्रस्तुत विश्वव्यापी आवधिक समीक्षासम्बन्धी प्रतिवेदन पेश गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी विषय र

सरोकारहरू समाविष्ट गरिएका छन् । त्रिभुवन विश्व विद्यालय परीक्षार्थीहरूलाई दिने परीक्षा प्रवेशपत्रमा अपाङ्गमैत्री शब्द प्रयोग नभएको भनी नेपाल आपाङ्ग मानवअधिकार सङ्गठनबाट पर्न आएको उजुरीको सम्बन्धमा त्रिभुवन विश्व विद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को पुनरावलोकन गरी उक्त नियमावलीमा प्रयोग गरिएका शब्दहरू अपाङ्गमैत्री नभएको पाइएकोले त्यसलाई संशोधन गर्न मिति २०६७/९/११ म नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

## ५.७. आयोगमा परेका उजुरी र सिफारिसहरू

आयोगमा २०६८ चैत्र मसान्त गतेसम्म अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी जम्मा २२ ओटा उजुरीहरू रहेको अवस्था छ। द्वन्द्वको कारणबाट घाइते, अपाङ्गता भएको र सरकारको तर्फबाट उपचार, कुनै क्षतिपूर्ति नपाएको, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि भएका राष्ट्रिय कानुन तथा नीतिहरूको कार्यान्वयन नभएको भन्ने जस्ता प्रकृतिका उजुरीहरू रहेका छन्। ती उजुरीहरूमाथिको अनुसन्धान जारी रहेको अवस्था छ । क्षेत्रगत रूपमा आयोगमा यस विषयमा परेका उजुरीहरूको अवस्था निम्नबमोजिम रहेको देखिन्छः

### ५.७.१. उजुरीहरूको अवस्था

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उजुरी | ० | ० | ० | १ | २ | ३ | ० | ० | १६ | २२ |

नीतिगतरूपमा रहेका उजुरीहरूमा आयोगबाट विभिन्न कार्यक्रमहरूमार्फत सम्बन्धित सरोकारवालाहरूसँग छलफलसमेत भएको छ भने कतिपय विषयमा सर्वोच्च अदालतबाट आदेशसमेत भएको अवस्थामा पनि व्यावहारिक रूपमा कार्यान्वयनमा नगएको देखिन्छ ।

### ५.७.२. आयोगको सिफारिस

आयोगबाट अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मान, पालना र संरक्षण र सम्वर्द्धनका लागि आयोगले प्राप्त उजुरीहरूउपर अनुगमन तथा अनुसन्धान, कानुनी परामर्शका कार्यहरू सम्पन्न गरेको छ । सो सम्बन्धमा परेका उजुरीउपर छुट्टै सिफारिस गरिएको नभएता पनि आयोगबाट यस सम्बन्धमा विभिन्न

नीतिगत सिफारिस गरिएको छ। यसै क्रममा २०६७ जेठ २३ गते आयोगले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को पुनरावलोकन गरी उक्त नियममा अपाङ्ग मैत्री नभएका शब्दहरू हटाई अपाङ्गमैत्री शब्दहरू राख्नुपर्ने भनी सुझाव पेश गरेको छ। यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ अनुमोदन गर्न सरकारलाई दबाब सिर्जना गर्ने उद्देश्यले अपाङ्गता अधिकारका क्षेत्रमा कार्यगर्ने सङ्घसंस्थाहरूसँग समन्वय गरी नेपाल सरकारलाई सुझाव दिइएको छ। यस्तै अपाङ्गता भएका विद्यार्थीहरूलाई अन्य विद्यार्थीहरू सरहको समयमा परीक्षा सम्पन्न गर्न कठिनाइ हुने हँदा सो समयमा थप १ घण्टा बढाउनको लागि आयोगबाट सिफारिस भएकोमा हाल कार्यान्वयन भैसकेको अवस्था छ। यसका साथै अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनका लागि आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ।

### ५.८. आयोगले प्रदान गर्ने सेवाहरू

अपाङ्गता भएका व्यक्तिका अधिकार विषयमा यस आयोगले देहायमा उल्लेख गरेबमोजिमका सेवाहरू उपलब्ध गराउँदै आएको छ :

- अपाङ्गता भएका व्यक्तिका अधिकार उल्लङ्घन तथा ज्यादतिका उजुरीहरू ग्रहण गर्ने,
- आयोगले स्वविवेकीय आधारमा पनि उजुरी लिन सक्ने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने, पत्राचार तथा सोधपुछ गर्ने,
- अपाङ्गता भएका व्यक्तिका अधिकारको अवस्थाको अनुगमन गर्ने,
- उजुरीको छानबिन, तथ्य सङ्कलन, अनुसन्धान गर्ने,
- उजुरीउपर अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सिफारिस गर्ने,
- सम्वर्द्धनात्मक तथा सचेतनात्मक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग अपाङ्गता भएको व्यक्तिको मानव अधिकार रक्षाका लागि समन्वय र सहकार्य गर्ने,
- अनुगमन, अध्ययन, अनुसन्धान तथा सम्वर्द्धनात्मक गतिविधिहरू सम्बन्धमा प्रकाशन गरी वितरण गर्ने,

- तालीम, अन्तरक्रिया, गोष्ठी, संवादका कार्यक्रमहरू सञ्चालन गर्ने,
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनहरूबारे जानकारी गराउने र
- राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमहरू मानव अधिकारमैत्री भएनभएको सम्बन्धमा राय तथा सुझाव दिने ।

## ५.९. आयोगको प्रकाशन

आयोगद्वारा स्थापनाकालदेखि हालसम्म प्रकाशन भएका अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरू लगायत विविध विषयहरूसँग सम्बन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ । आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची देहायको तालिकामा उल्लेख भएबमोजिम रहेका छन् :

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ब्रोसियर्स (नेपाली र अङ्ग्रेजी) | २०५७ |
| २ | मानव अधिकार अनुगमन सम्बन्धी ब्रोसियर्स | २०६१ |
| ३ | राष्ट्रिय मानव अधिकार आयोग एक चिनारी | २०६२ |
| ४ | राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी), ११ वटा | २०६८ |
| ५ | सङ्कटकाल र मानव अधिकार, अनुगमन प्रतिवेदन, २०५९ (नेपाली र अङ्ग्रेजी) | २०६० |
| ६ | सङ्कटकालमा मानव अधिकारको अवस्था, २०६२ | २०६३ |
| ७ | जनआन्दोलन अनुगमन प्रतिवेदन, २०६३ | २०६३ |
| ८ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था | २०६४ |
| ९ | ESCR Monitoring Indicators, User's Guide (With OHCHR) | २०६८ |
| १० | Report on the Implementation Status of existing Laws, Acts, Rules & Facilities made for the Development, Promotion & Protection of the People with Disabilities. | २०६४ |
| ११ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८ | २०६८ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १२ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८ | २०६८ |
| १३ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६ | २०६६ |
| १४ | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |
| १५ | राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था | २०६६ |
| १६ | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७ | २०६७ |
| १७ | आायोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| १८ | The report of NHRI’s Nepal on the UPR process | २०६७ |
| १९ | नागरिक समाजसँग आयोगको सहकार्य, सङ्क्षिप्त प्रतिवेदन | २०६८ |
| २० | NHRC recommendations upon complaints in a decade(2000-2010) | २०६८ |
| २१ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| २२ | मानवअधिकार प्रश्न-उत्तर सँगालो | २०६१ |
| २३ | Study on Insurgency Related Torture and Disability (Human Rights Violations in the Context of Maoist Insurgency) | २०५९ |
| २४ | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| २५ | राष्ट्रिय मानव अधिकार आयोगक चारि वर्षक उपलब्धी (मैथिलीमा) | २०६१ |
| २६ | Pocket Book on the Seven main International Human Rights Treaties with Optional Protocols | |

## ६. आयोगको समन्वय र सहकार्य

मानवअधिकारको संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आयोगको एकल प्रयासमात्र सम्भव छैन । यस तथ्यलाई मनन गर्दै आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कार्यरत विभिन्न मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरू, नागरिक समाजसँग समेत अर्थ र औचित्यपूर्ण सहकार्य सञ्चालन गर्दै आइरहेको छ । उक्त विभिन्न

निकाय, सङ्घसंस्था, नियोगहरूसँगको सहकार्यलाई आयोगले उच्च-प्राथमिकता दिँदै आएको छ ।

राष्ट्रियस्तरमा आयोगले नेपाल सरकार तथा मातहतका निकायहरू, सुरक्षा निकायहरू, विभिन्न राजनैतिक दलहरू, संसद्, न्यायिक निकायहरू र नागरिक समाज एवम् मानव अधिकार सम्बद्ध सङ्घसंस्थाहरूसँग छलफल, अन्तक्रिया गर्दै आइरहेको छ । आयोगको सहकार्यलाई सङ्क्षेपमा निम्नानुसार चर्चा गरिएको छः

## ६.१. नेपाल सरकार

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सम्बन्धमा आयोग र नेपाल सरकारबीच विभिन्न छलफल, विचार आदानप्रदान, पत्राचार, सहकार्य, छलफल हुँदै आएको छ । आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, महिला बालबालिका मन्त्रालय, स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, शिक्षा कार्यालयहरू, जिल्ला विकास समितिहरू, जिल्ला प्रशासन कार्यालयहरू, गाविस कार्यालयहरू समेतसँग आयोगले सहकार्य गर्दै आइरहेको छ । आयोगले गरेका नीतिगत सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकार तथा अन्य निकायबाट सकारात्मक पहल भइरहेको छ । आगामी दिनहरूमा यस्ता सिफारिसहरूको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

## ६.२. नागरिक समाज

मानवअधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारका सम्बन्धमा आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदैआएको छ । नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमार्फत आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ ।

नागरिक समाज तथा गैरसरकारी संस्थाहरूमार्फत आयोगले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारसम्बन्धी विभिन्न सूचना एवम् जानकारी र उजुरीहरू प्राप्त गर्ने गरेको छ । यसै गरी यस्ता संस्थाहरूले आयोगमा उजुरीहरू पठाइ मानव अधिकार संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्दै

आएका छन् । अनुसन्धान, अनुगमनका क्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरूसमेत दिँदै आएका छन् ।

मानव अधिकार राष्ट्रिय महाभेला, २००९, २०१० र २०११ को सन्दर्भमा मानवअधिकारसँग सम्बन्धित १५० भन्दा बढी सङ्घसंस्थाहरू र आयोगको संयुक्त आयोजनामा भव्यताका साथ कार्यक्रमहरू सम्पन्न भएका थिए । महाभेलाबाट पारित घोषणापत्रहरूमा नागरिक तथा राजनीतिक अधिकारहरू, महिला आप्रवासी कामदार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेद, महिला मानव अधिकार लगायतका विषयहरूमा विशेष जोड दिएको थियो । यसका अतिरिक्त आयोगका क्षेत्रीय, उपक्षेत्रीय कार्यालयहरूमार्फत क्षेत्रीय र स्थानीय तहमा पनि सरोकारवालाहरूबीच समन्वय र सहकार्य हुने गरेको छ । आयोगले राष्ट्रिय अपाङ्ग महासङ्घ, गैरसरकारी संस्था महासङ्घ लगायतका गैरसरकारी संस्थाहरूसँग पनि समन्वय र सहकार्य सञ्चालन गर्दै आइरहेको छ । अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण, सम्वर्द्धन र परिपालनाका लागि नागरिक समाजसँग आयोगको सहकार्यलाई अझै प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने देखिएको छ ।

### ६.३. सञ्चारजगतसँगको सहकार्य

अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चारजगतको सहयोग लिँदै आएको छ । हाल आएर आयोगले रेडियो सगरमाथाबाट मानव अधिकार सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसैगरी रेडियो, टेलिभिजन लगायतका सञ्चार माध्यमहरूबाट पनि आयोगले मानव अधिकारसँग सम्बन्धित सामग्रीहरूको प्रचारप्रसार गर्दै आइरहेको छ । उल्लिखित अधिकारहरूको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न सञ्चारमाध्यमहरूमा प्रकाशित समाचारलाई आयोगले महत्त्वपूर्ण सूचनाको रूपमा ग्रहण गर्ने गरेको छ । विभिन्न अन्तर्क्रिया, छलफल, तालीम, सेमिनार एवम् गोष्ठीहरूमा सञ्चारक्षेत्रका व्यक्तित्त्वहरूलाई आयोगले महत्त्वपूर्ण स्थान दिँदै आएको छ ।

### ६.४ अन्तर्राष्ट्रिय निकायहरूसँगको सहकार्य

आयोगको क्षमता बिस्तार, भौतिक संरचना सुधार लगायतका विषयमा स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय निकायहरूसँग सौहाद्रपूर्ण सम्बन्ध र सहकार्य रहँदै आएको छ ।

आयोगको युरोपेली युनियनसँगको सहकार्यले आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तार भयो । यसबाट अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँगको पहुँच र सहकार्य सहज भएको छ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालय (OHCHR Nepal), युनिसेफ तथा सेभ द चिल्ड्रेन नेपाल, क्यानेडियन ह्युमन राइट्स फाउन्डेसन, विभिन्न कुटनीतिक नियोगहरूसँग पनि समन्वय र सहकार्य गर्दै आइरहेको छ ।

## ७. आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौ<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

### क्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |
| ४. नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१ ५२५६२३ |

### उपक्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय


हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं

इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५

हटलाइन २ ११ ११ ११


## क्षेत्रीय कार्यालयहरू


विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३


## उपक्षेत्रीय कार्यालयहरू


खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४

रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११

जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२